annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २४ पृष्ठ ८ | काठमाडौं, शनिबार १० जेठ २०८२ | जेष्ठ कृष्णपक्ष द्वादशी नेपाल संवत् ११४५ | SATURDAY, MAY 24, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०


कभर स्टोरी

# लागुऔषधका अप्रेसनमा जिल्लामै किन पुग्छ प्रहरी केन्द्रीय ब्युरो ?

लागुऔषध नियन्त्रणका लागि नेपाल प्रहरीको विशेष ब्युरो सक्रिय छ। यो विषयको दखल पनि ब्युरोसँग हुने नै भयो। तर, जिल्लामा यस्ता पनि घटना देखिए, जिल्लाको प्रहरीको नाकैमुनि लागुऔषध कारोबार हुँदा पनि जिल्लाको प्रहरी चुपचाप देखिन्छ, छापा हान्न पुग्छ लागुऔषध ब्युरो। जबकि, ती घटनालाई जिल्लाकै प्रहरीले सहजै नियन्त्रणमा लिन सक्ने खालका हुन्। यसले लागुऔषध नियन्त्रणमा जिल्ला प्रहरीलाई ब्युरोले आशंकाको नजरले हेरेको स्पष्ट हुन्छ। 'पूर्वसूचना दिएर कारोबारीलाई उम्काउन वा आर्थिक चलखेल' गर्न सक्ने आशंकाले ब्युरोले जिल्ला प्रहरीलाई थाहै नदिई छापा मार्ने गरेको जानकारहरू बताउँछन्।

समाचार पृष्ठ २

हरि शर्मा | *परासी*
– को रिपोर्ट




नवलपरासीको सदरमुकाम परासीमा घरमा छापा मारेर नगदसहित लागुऔषध बरामद गर्दै लागुऔषध नियन्त्रण ब्युरो कार्यालय भैरहवाबाट खटिएको टोली।

## भित्री पृष्ठ



लिच्छविकालको स्वर्णिम संसार - पृष्ठ ३



अलबिदा फणिजी ! - पृष्ठ ४



साइकल संस्कृति - पृष्ठ ५



बजेट माग्दै प्रदेश राजधानी पुगे नुवाकोटका नेता - पृष्ठ ७

# सर्वोच्चले पनि थुन्नै भन्यो रविलाई

दिनेश गौतम | *काठमाडौं*

सर्वोच्च अदालतले सहकारी ठगीसम्बन्धी कसुर र संगठित अपराधसम्बन्धी मुद्दामा थुनामा रहेका रास्वपा सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेलाई थुनामुक्त गर्न अस्विकार गरेको छ। लामिछानेलाई गैरकानुनी रूपमा थुनामा राखिएको जिकिर गर्दै पत्नी निकिता पौडेलले गत वैशाख ७ गते सर्वोच्चमा बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता गरेकी थिइन्।

बुटबलस्थित सुप्रिम सहकारी ठगी प्रकरणमा उच्च अदालत, बुटबल इजलासको आदेशबाट लामिछाने थुनामा परेका थिए। सर्वोच्च अदालतका न्यायाधीशद्वय डा. नहकुल सुवेदी र बालकृष्ण ढकालको संयुक्त इजलासले रविलाई थुनामुक्त गर्न परेको बन्दी प्रत्यक्षीकरणको निवेदन जारी गर्न अस्विकार गरेको हो।

लामिछानेसँगै पूर्वडीआईजी छवि जोशीलाई पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी पुर्पक्षका लागि थुनामा राखी मुद्दाको कारबाही र किनारा गर्ने गरी भएको आदेश बेरितको नदेखिँदा बदर गरिरहनु नपर्ने सर्वोच्चको आदेशमा उल्लेख छ। गोर्खा मिडिया नेटवर्क स्थापना हुँदा लामिछाने कार्यक्रमको सञ्चालकका रूपमा संलग्न हुने भनिए तापनि उक्त कम्पनीको १५ प्रतिशत सेयर धारण गर्ने बेहोरा उल्लेख गरेको देखिँदा कम्पनीको व्यवस्थापनमा स्थापनाकालदेखि संलग्नता भएको देखिन आएको उच्च अदालतको आदेश सर्वोच्च अदालतले सदर गरेको हो। जोशी गोर्खा मिडिया नेटवर्क प्रालिका संस्थापक सेयरधनी र सञ्चालक हुन्।

लामिछाने प्रबन्ध निर्देशक, सेयरधनी र सञ्चालकको हैसियतमा ०७७ कात्तिक २ देखि २०७९ असार १ सम्म कम्पनीमा रहेको देखिएको छ। 'लामिछानेले प्रबन्ध निर्देशकको पदमा नियुक्ति पाउनु अगाडि नै सञ्चालक समितिको बैठकमा कार्यकारी निर्देशकको हैसियतले उपस्थित भएको देखिएको र सो बैठकले बैंकको खाता सञ्चालन गर्ने सो खातामा गितेन्द्र बाबु राई, छविलाल जोशी वा रवि लामिछानेमध्ये कुनै एकको हस्ताक्षरबाट खाता सञ्चालन गर्ने भनी निर्णय गरेको देखिन्छ,' सर्वोच्चको आदेशमा भनिएको छ, 'सोही निर्णयबमोजिम खोलिएको कम्पनीको खातामा सहकारी संस्थाबाट पटक-पटक रकम आएको देखिँदा सहकारी संस्थाबाट रकम लैजाने गरी भएको आर्थिक कारोबारमा यी निवेदक प्रबन्ध निर्देशक हुनुपूर्वदेखि नै संलग्न भएको देखिन आयो।'



लामिछानेको गोर्खा मिडिया नेटवर्क प्रालिमा १ करोड ८० लाख रुपैयाँ बराबरको सेयर रहेको देखिएको छ। लामिछानेले शर्तबमोजिम कम्पनीको १५ प्रतिशत सेयर नि:शुल्क पाएको बताउँदै आएका छन्। आदेशमा भनिएको छ, 'नि:शुल्क १५ प्रतिशत सेयर प्राप्त गर्ने शर्त उल्लेख भएको देखिए तापनि लामिछानेले प्रमाणित गरी आधिकारिक निकायमा पेस गरेको लगानी स्रोत फारममा 'अन्य व्यवसायको आम्दानी, ऋण सापटी र पैत्रिक सम्पत्तिबाट' १ करोड ८० लाख देखिन आएबाट नि:शुल्क भएको देखिएन।

सोही सेयर खरिद गर्न सहकारी संस्थाबाट कर्जा लिएको देखिन आउँछ। सो कर्जा लिँदा सहकारी ऐन, नियम र संस्थाको विनियमावलीलगायत प्रचलित कानुन बमोजिमको कुनै प्रक्रिया पूरा गरेको प्रथम दृष्टिमा नै देखिन आएन।'

लामिछानेले मिति २०७९ असार १ गते उक्त कम्पनीबाट अलग भएको भनी जिकिर लिए तापनि सो मितिपश्चात्‌समेत कम्पनीको खाता सञ्चालकको हैसियतले विभिन्न मितिका चेकहरूमा हस्ताक्षर गरेको देखिएबाट उक्त कम्पनीमा निजको निरन्तर संलग्नता देखिएको आदेशमा उल्लेख छ।

आदेशमा भनिएको छ, यस प्रकार, उक्त कम्पनीमा यी प्रतिवादी रवि लामिछानेको संलग्नता कर्मचारीको हैसियतमा मात्र नभई कम्पनी सञ्चालनमा सारभूत रूपमा प्रभाव पार्ने हैसियतको देखियो।

» बाँकी पृष्ठ ६

## प्रहरीले बुझायो तीनकुने घटनाको प्रतिवेदन

अजवी पौड्याल | *काठमाडौं*

गत चैत १५ गते काठमाडौंको तीनकुनेमा राजावादीको आन्दोलनका क्रममा भएको हिंसात्मक घटनाको अनुसन्धान सकिएको छ। जिल्ला प्रहरी परिसर काठमाडौंले गरेको उक्त अनुसन्धान प्रतिवेदन जिल्ला सरकारी वकिल कार्यालयमा बुझाइएको छ।

आरोपीहरूविरुद्ध प्रहरीले राज्यविरुद्धको कसुर, आपराधिक उपद्रव, ज्यानसम्बन्धी कसुर, ज्यान मार्ने उद्योग र संगठित अपराधसम्बन्धी कसुरमा अनुसन्धान गरेर प्रतिवेदन बुझाएको छ। जिल्ला सरकारी वकिल कार्यालयका सहन्यायाधिवक्ता रामहरि शर्मा काफ्लेले अनुसन्धान प्रतिवेदन बिहीबार नै दर्ता भएको बताए। उनी भन्छन्, प्रहरीले बुझाएको रायसहितको प्रतिवेदनमा जिल्ला सरकारी वकिल कार्यालयले फाइल अध्ययन गरिरहेको छ। आइतबार साँझसम्म प्रतिवेदन अध्ययन गरी मुद्दा दर्ता गरिने उनले जानकारी दिए।

» बाँकी पृष्ठ ६

# हार्वर्डमा विदेशी विद्यार्थीलाई प्रतिबन्ध

सुरज भण्डारी | *अमेरिका*

विश्वप्रसिद्ध हार्वर्ड विश्व विद्यालयमा अन्तर्राष्ट्रिय विद्यार्थी भर्नामा राष्ट्रपति डोनाल्ड जे ट्रम्प प्रशासनले रोक लगाएको छ। अमेरिकी सरकार र आठवटा कलेजहरू सम्मिलित आइभी लिग स्कुलबीच जारी गतिरोधको बीचमा ट्रम्प प्रशासनले बिहीबारदेखि लागू हुने गरी हार्वर्डमा अन्तर्राष्ट्रिय विद्यार्थीहरू भर्ना गर्न रोक लगाएको हो। अईभी लिग स्कुलअन्तर्गत हार्वर्ड, याले, युपेन, प्रिन्सटन, कोलम्बिया, ब्रोन, डार्टमाउथ र कोर्नेल छन्। यी सबै निजी क्षेत्रका कलेजहरू हुन्।

हार्वर्डले ट्रम्प प्रशासनको यहुदी-विरोधी लड्न कार्यदलद्वारा जारी गरिएका मागहरू पालना गर्न अस्वीकार गर्दै आएको छ। ट्रम्प प्रशासनले अन्तर्राष्ट्रिय विद्यार्थीका रूपमा भर्नामा रोक लगाउनुका साथै अध्ययनरत अन्तर्राष्ट्रिय विद्यार्थीहरूलाई अन्य विश्वविद्यालयमा स्थानान्तरण हुन पनि आदेश दिएको छ। यदि स्थानान्तरण नभए उनीहरूले कानुनी हैसियत गुमाउने ट्रम्प प्रशासनले स्पष्ट पारेको छ।

ट्रम्प प्रशासले यसअघि हार्वर्डलाई दिँदै आएको २ अर्ब डलरभन्दा बढी संघीय अनुदान कटौती गरेको थियो। हार्वर्डमा २४,५९६ विद्यार्थी क्षमता रहेकोमा प्रत्येक वर्ष ६,८०० अन्तर्राष्ट्रिय विद्यार्थीहरूलाई भर्ना गर्दै आएको छ। हार्वर्डमा रहेका अन्तर्राष्ट्रिय विद्यार्थीहरू यहुदी विरोधी गतिविधिमा संलग्न हुने गरेको र कतिपय अवस्थामा चिनियाँ कम्युनिस्ट पार्टीसँग समन्वयमा रहेर काम गर्ने गरेको आरोप लगाउँदै ट्रम्प प्रशासनले यसलाई रोक्न हार्वर्ड प्रशासनबाट सहयोग नभएको बताउँदै आएको छ।



हार्वर्डलाई क्याम्पसमा यहुदी विद्यार्थीहरूलाई आक्रमण गर्न 'अमेरिकी विरोधी, आतंकवाद समर्थक आन्दोलनकारीहरू' लाई अनुमति दिएर असुरक्षित क्याम्पस वातावरण सिर्जना गरेको आरोप लगाउँदै स्कुलले हालै २०२४ मा चिनियाँ अर्धसैनिक समूहका सदस्यहरूलाई होस्ट र तालिम दिएको दाबीसमेत ट्रम्प प्रशासनले गरेको छ।

यता, ट्रम्प प्रशासनले गरेको उक्त कदमको विरोध गर्दै हार्वर्ड विश्वविद्यालयले आईभी लिग स्कुललाई विदेशी विद्यार्थीहरू भर्ना गर्नबाट रोक्ने ट्रम्प प्रशासनको निर्णयलाई चुनौती दिँदै अदालतको ढोका ढक्ढकाएको छ। हार्वर्ड प्रशासनले अन्तर्राष्ट्रिय विद्यार्थी भर्नामा रोक लगाउनुलाई ह्वाइट हाउसको गलत राजनीतिक मागहरूको अवज्ञा गरेकोमा असंवैधानिक प्रतिशोध साधेको उल्लेख गरेको छ। बोस्टनको संघीय अदालतमा शुक्रबार दायर गरिएको मुद्दामा, हार्वर्डले सरकारको कार्यले पहिलो संशोधनको उल्लंघन गरेको तथा हार्वर्ड र ७,००० भन्दा बढी अन्तर्राष्ट्रिय विद्यार्थीहरूमा तत्काल प्रभाव परेको उल्लेख गरेको छ।

'सरकारले हार्वर्डको विद्यार्थी निकायको एक चौथाइ भाग, विश्वविद्यालय र यसको मिसनमा महत्वपूर्ण योगदान पुर्‍याउने अन्तर्राष्ट्रिय विद्यार्थीहरूलाई मेटाउन खोजेको छ,' हार्वर्डले आफ्नो मुद्दामा भनेको छ, 'यसका अन्तर्राष्ट्रिय विद्यार्थीहरू बिना, हार्वर्ड नै त्यो हार्वर्ड होइन। जो अन्तर्राष्ट्रिय जगतमा चर्चित छ।'

यदि सरकारको कारबाही कायम रह्यो भने, हार्वर्डमा कम्तीमा अर्को दुई शैक्षिक वर्षसम्म नयाँ अन्तर्राष्ट्रिय विद्यार्थीहरूलाई प्रवेश पाउन असमर्थ हुनेछन्। हार्वर्डका अध्यक्ष एलन गार्बरले ट्रम्प प्रशासनले लगाउँदै आरोपमा सत्यता नभएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरू समक्ष बताउँदै आएका छन्। उनले यस महिनाको सुरुमा भनेका थिए कि विश्वविद्यालयले विगत डेढ वर्षमा धेरै कुरामा परिवर्तन गरिएको छ, जसमा यहुदी विरोधीतासँग लड्न व्यापक रणनीति पनि समावेश रहेको छ। सँगै उनले भनेका थिए कि हार्वर्डले प्रतिशोधको डरले आफ्नो 'मूल, कानुनी रूपमा संरक्षित सिद्धान्तहरू' वाट भने पछि हट्ने छैन। जसमा आफ्ना विद्यार्थीहरूको व्यक्तिगत विषयहरू कसैलाई उपलब्ध गराइने छैन। हार्वर्डमा अन्तर्राष्ट्रिय विद्यार्थी भर्नामा रोक लाग्नुअघि अप्रिल १६ मा होमल्यान्ड सेक्युरिटी सेक्रेटरी क्रिस्टी नोएमले अन्तर्राष्ट्रिय विद्यार्थीहरूको जानकारी सरकारलाई दिन माग गरिएको बताएका थिए। अहिले पनि हार्वर्डले विदेशी विद्यार्थीहरूको बारेमा रेकर्डको भण्डार गरी सरकारलाई उपलब्ध गराए त्यसमा पुनर्विचार हुन सक्ने उल्लेख गरेका छन्। ट्रम्प प्रशासनले क्याम्पसमा विरोध प्रदर्शन वा खतरनाक गतिविधिमा भाग लिने विदेशी विद्यार्थीहरूको अडियो वा भिडियो फुटेजसहित सबै रेकर्डहरू माग गरेको थियो।

हार्वर्डमा हाल १४० भन्दा बढी देशका विद्यार्थी अध्ययनरत छन्। नेपाली विद्यार्थी पनि त्यहाँ अध्ययनरत छन्। जोन हार्वर्डको नाममा सन् १६३६ मा यस विश्व विद्यालयको स्थापना भएको थियो। हार्वर्डमा ट्रम्प प्रशासनले सिर्जना गरिरहेको गतिरोध अन्य विश्व विद्यालयका लागि समेत सुखद संकेत नभएको हार्वर्डले भनेको छ।